(लोक सेवा आयोग)

**राष्ट्रिय मानव अधिकार आयोगको राष्ट्रिय मानव अधिकार सेवा, सहायक प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह र लेखापाल वा सो सरह पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम**

यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ :

**प्रथम चरण :–** लिखित परीक्षा (Written Examination) पूर्णाङ्क :– २००

**द्वितीय चरण :-** अन्तर्वार्ता(Interview) पूर्णाङ्क :– ३०

## परीक्षा योजना (Examination Scheme)

**प्रथम चरण : लिखित परीक्षा (Written Examination)** **पूर्णाङ्क :– २००**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या × अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन (Contemporary Studies & Public Service Management) | १०० | ४० | विषयगत (Subjective): छोटो र लामो उत्तर (Short &Long Answers) | १४ प्रश्न × ५ अङ्क<br>३ प्रश्न × १० अङ्क | २ घण्टा ३० मिनेट |
| द्वितीय | कार्य - ज्ञान सम्बन्धी (Job- Knowledge Specific Subject ) | १०० | ४० | विषयगत (Subjective): छोटो र लामो उत्तर (Short &Long Answers | १४ प्रश्न × ५ अङ्क<br>३ प्रश्न × १० अङ्क | २ घण्टा ३० मिनेट |

**द्वितीय चरण : अन्तर्वार्ता (Interview)**

**पूर्णाङ्क :– ३०**

| पत्र /विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता (Interview) | ३० | बोर्ड अन्तर्वार्ता (Board Interview) |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ । तर द्वितीय पत्रमा Fundamentals of Human Rights सम्बन्धी विषयबस्तुबाट १० अंकको एक प्रश्न अंग्रेजी भाषामा सोधिनेछ र परिक्षार्थीले त्यस प्रश्नको उत्तर पनि अंग्रेजी भाषा नै दिनु पर्नेछ ।

२. माथि उल्लिखित सेवाका नायव सुब्बा/लेखापाल वा सो सरह पदको लागि प्रथम पत्र/विषयको विषयवस्तु एउटै (Common) हुनेछ । तर द्वितीय पत्र कार्य-ज्ञान विशिष्ट सम्बन्धी (Job- Knowledge Specific Subject ) को फरक फरक हुनेछ ।

३. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।

४. विषयगत प्रश्नहरुको हकमा तोकिएको अंकको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।

५. विषयगत प्रश्न हुनेका हकमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परिक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

६. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

७. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

८. **पाठ्यक्रम स्वीकृत मिति : २०७९/०९/२१**

## प्रथम पत्र (Paper I):
## समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन
## (Contemporary Studies & Public Service Management)

| | |
|---|---|
| **खण्ड (A) : 35 अङ्क**<br>**Section (A) : 35 Marks** | **५ प्रश्न × ५ अङ्क = २५ अङ्क** |
| | **१ प्रश्न × १० अङ्क = १० अङ्क** |

१. **नेपालको भौगोलिक, सामाजिक र आर्थिक अवस्था**

१.१ भौगोलिक अवस्था/स्वरुप : किसिम र विशेषताहरु

१.२ राजनीतिक भूगोल

१.३ हावापानी र जलसम्पदा : स्थिति र महत्व

१.४ वनसम्पदा : अवस्था र महत्व तथा वन विनाशका कारण र संरक्षणका उपायहरु

१.५ प्रचलित प्रमुख धर्म, जातजाति, भाषाभाषी र संस्कृति

१.६ आर्थिक विकासका पक्षहरुः कृषि, उद्योग, वाणिज्य, पर्यटन, श्रम, रोजगार, उर्जा र पूर्वाधार

१.७ आर्थिक विकासका सम्वाहकहरुः सार्वजनिक, निजी क्षेत्र, सहकारी क्षेत्र र सामाजिक संघसंस्था

१.८ योजनावद्ध विकासक्रम र चालु आवधिक योजनाको जानकारी

१.९ जनसङ्ख्यिकी, जनसङ्ख्या व्यवस्थापन, शहरीकरण र बसाई सराई

१.१० वातावरण व्यवस्थापन, जैविक विविधता, वातावरण प्रदूषण, जलवायु परिर्वतन र दिगो विकास

१.११ सामाजिक सुरक्षा, गरीबी, बेरोजगारी, जनस्वास्थ्य, खाद्य सुरक्षा र सम्प्रभुता, सूचना प्रविधि र सामाजिक संजाल

१.१२ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक गतिविधिहरु

| | |
|---|---|
| **खण्ड (B) : 35 अङ्क**<br>**Section (B) : 35 Marks** | **५ प्रश्न × ५ अङ्क = २५ अङ्क** |
| | **१ प्रश्न × १० अङ्क = १० अङ्क** |

२. **संवैधानिक व्यवस्था र सरकार**

२.१ नेपालको संविधान :

२.१.१ नेपालको संविधानका मूलभूत विशेषताहरु

२.१.२ मौलिक हक र कर्तव्य, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व

२.१.३ राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड

२.१.४ कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका

२.२ नेपालमा संघीयता र संघ, प्रदेश र स्थानीय सरकार

२.३ कानून : अर्थ महत्व र कानूनका स्रोतहरु

२.४ कानूनी राज्यको अवधारणा र महत्व

२.५ लोकतन्त्र, समावेशीकरण र समानुपातिक प्रतिनिधित्व

२.६ सुशासन, सूचनाको हक र पारदर्शिता

२.७ विधुतीय सुशासन (E-governance)

२.८ सदाचार प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र भ्रष्टाचार निवारण सम्बन्धी कानूनी व्यवस्था

| खण्ड (C) : 30 अङ्क<br>Section (C) : 30 Marks | ४ प्रश्न × ५ अङ्क = २० अङ्क |
|---|---|
| | १ प्रश्न × १० अङ्क = १० अङ्क |

३. **सार्वजनिक सेवा संचालन एवं व्यवस्थापन**

३.१ कार्यालय व्यवस्थापन

३.१.१ कार्यालय व्यवस्थापन : अवधारणा र महत्व

३.१.२ अभिलेख व्यवस्थापन : परिचय, उद्देश्य, आवश्यकता र महत्व

३.१.३ कार्यालयमा संचारको महत्व, प्रकार र माध्यम

३.१.४ कार्यालयमा व्यवस्थापन सूचना प्रणाली (MIS) को आवश्यकता र महत्व

३.२ आर्थिक प्रशासन

३.२.१ सरकारको आर्थिक कार्य प्रणालीको जानकारी

३.२.२ सरकारी लेखा प्रणाली र लेखापरीक्षण सम्बन्धी जानकारी

३.२.३ जिन्सी स्रेस्ता प्रणाली, राजश्व स्रेस्ता प्रणाली र धरौटी स्रेस्ता प्रणाली

३.२.४ कर र गैह्र कर सम्बन्धी जानकारी

३.२.५ सरकारी बजेट सम्बन्धी जानकारी

३.३ सार्वजनिक सेवा र सार्वजनिक सेवा प्रवाह

३.३.१ सार्वजनिक सेवा : अर्थ, महत्व र किसिम

३.३.२ सार्वजनिक सेवामा जनशक्ति योजना, विकास र व्यवस्थापन

३.३.३ सार्वजनिक सेवा प्रवाह : अर्थ र महत्व

३.३.४ सार्वजनिक सेवा प्रवाह गर्ने निकाय, तरिका/माध्यमहरु

३.३.५ सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका र सेवाग्राहीको अधिकार तथा दायित्व

३.३.६ सार्वजनिक बडापत्र (Public Charter) : महत्व र आवश्यकता

३.४ नागरिक सचेतना (Civic Conscience) : चारित्रिक विकास (Character Development), मानवीय मूल्य मान्यता (Human Values), नागरिक कर्तव्य र दायित्व (Civil Rights & Duties) तथा अनुशासन र सकारात्मक सोच (Discipline & Positive Thinking)

........

लोक सेवा आयोग